Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.c

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

..................शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन न. ०६६-५२०१५०

प.सं : २०८१/८२
च.नं :

मिति : २०८१/०८/२०

**विषय : प्राविधिक सीप विकास तालिम सम्बन्धी बेसीशहर नगरपालिकाको सूचना ।**

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमजुङको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम र नगर कार्यपालिका बैठकको निर्णयानुसार प्रशिक्षण शुल्क नगरपालिकाबाट व्यहोर्ने गरी युवाहरुलाई लक्षित गरी तपसिलका तालिम सञ्चालन गरिने भएको हुँदा बेसीशहर नगरपालिकाभित्र स्थायीरुपमा बसोबास गर्ने इच्छुक व्यक्तिहरुले २०८१ पुस २१ गतेभित्र देहायको विवरण अनुसार बेसीशहर नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा आवेदन फारम भर्नको लागि सूचित गरिन्छ ।

**सञ्चालन हुने तालिमहरु**

१. हलुका सवारी चालक आधारभूत तालिम, ३० दिनः ५० जना
२. लेडिज ब्याग/पर्स लगायत मायाको चिनो बनाउने तालिम, ४५ दिनः १५ जना
३. कुकिङ तालिम आधारभुत, ३० दिनः १५ जना
४. ब्युटिसियन एडभान्स तालिम २० जना (आधारभूत तालिम लिएकाहरुको लागि मात्र)

**आवेदन पेश गर्ने सम्बन्धी शर्तहरु:**

१.आवेदन फारम वडा कार्यालय वा नगरपालिकाको कार्यालयबाट निःशुल्क उपलब्ध गराईनेछ ।
२. आवेदन फारम साथ एक प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमणपत्रको प्रतिलिपी, कुनै निकायबाट तालिम प्राप्त गरेको भए सो प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति पेश गर्नुपर्नेछ ।
३. एडभान्स तालिमको हकमा आधारभूत तालिम लिएको (जुनसुकै निकायबाट) प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।
४. अन्तर्वार्ताबाट आवेदकहरु छनौट गरिनेछ साथै तालिम सञ्चालन मिति र स्थान पछि तोकिनेछ ।
५. आवेदन नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा तोकिएको अवधिभित्र पेश गरिसक्नु पर्नेछ ।

........................
चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत